

## अनुकम्पा पुनर्आवास

अनुकम्पा पुनर्आवास एक यस्तो आवास सहायता हो जसको उद्देश्य व्यक्तिहरू र परिवारहरूका वास्तविक र जरूरी आवासीय आवश्यकताहरूको पूर्ति गर्नु हो जो उनीहरू स्वयंले पूरा गर्न असक्षम छन्। यस योजना अन्तर्गत, पारपाचुके आवेदनहरूमाथि न्यायालयको फैसलाको प्रतीक्षा गरिरहँदा वास्तविक रूपमा आवासको खाँचो रहेका पारपाचुके प्रक्रिया अन्तर्गत रहेका र नानी(हरू)को जिम्मा लिइरहेकाहरूको सहायता गर्नका लागि सशर्त किरायादारीको सिफारिश पनि गर्न सकिन्छ। नोभेम्बर २००१ देखि आवास विभागले सशर्त किरायादारी योजनालाई व्यापक पारेर घरेलु हिंसाका यस्ता पीडितहरूलाई समेत यसमा सामील गरेको छ जसले पारपाचुकेको लागि याचिका दायर गरेका छन् र जसका कुनै नानीहरू छैनन् वा उनीहरूले आफ्ना वैवाहिक घर त्याग्दा आफ्ना निर्भर नानीहरूलाई साथमा लिएर आएका छैनन्। यो सेवाको खाँचो भएकाहरूले सम्बन्धित सामाजिक कार्यकर्ता मार्फत् आवेदन गर्न सक्छन्।

## कानुनी सहायता सेवा



पति/पत्नीद्वारा शारीरिक उत्पीडनका शिकार व्यक्तिहरूले, जसले देवानी मुद्दा चलाउन चाहन्छन्, कानुनी सहायता सेवाका लागि Legal Aid Service (LAD) अर्थात् कानुनी सहायता सेवामा आवेदन दिन सक्छ। उत्पीडित पति/पत्नी वा विवाह नगरी सहवास गरिरहेकाले न्यायालयमा यौन-उत्पीडन नगरियोस् भन्ने सम्बन्धी आदेश, निकासी आदेश, वा यथोचित रूपमा **निषेधाज्ञा**, साथै उक्त व्यक्तिले निर्णय गर्दछ भने पारपाचुकेको लागि आदेश दिइयोस् भनी आवेदन गर्न सक्छ। कानुनी सहायताको पात्रताका लागि पीडित व्यक्तिले आयस्ता र योग्यता दुवै परीक्षण पूरा गरेको हुनु पर्दछ।

कानुनी सहायता निम्ति अविलम्ब आवेदनका लागि, उदाहरणार्थ, पीडित व्यक्तिले यौन-उत्पीडन विरूद्ध आदेश, निकासी आदेश वा **निषेधाज्ञा** आदिको लागि आवेदन गर्न चाहन्छ भने, LAD ले आयस्ता जाँच र बयान दर्ज गर्नका लागि जतिसक्दो चाँडो भेटघाटको व्यवस्था मिलाउनेछ।

एकपल्ट पीडित व्यक्तिले आयस्ता र योग्यता जाँच पास गरेपछि र यथोचित कानुनी प्रक्रियाहरू दायर गर्नका लागि LAD द्वारा कानुनी सहायता प्रमाणपत्र जारी गरेपछि खटाइएको कानुनी सल्लाहकारले पीडितका निर्देशहरू माथि काम गर्नेछ र यथोचित कार्वाही प्रक्रियाहरू बारे उसलाई परामर्श दिनेछ। यसैबीच, खटाइएको अधिवक्ताले पीडित व्यक्तिका कानुनी अधिकारहरूको सुरक्षा निम्ति यथोचित कानुनी कार्यवाही गर्न सक्नेछ। आवश्यकता परेमा, पीडित व्यक्तिका लागि अभिवक्ता अविलम्ब भेटघाटको व्यवस्था मिलाउन सकिन्छ। न्यायालयका कार्यवाहीहरूको प्रगतिबारे पीडितलाई पूर्णतः सूचित पनि गरिनेछ।

## Major Enquiry Hotlines प्रमुख सोधनी हटलाईनहरु

| Social Welfare Department समाज कल्याण विभाग | Telephone Number टेलिफोन नम्बर |
|---|---|
| SWD Hotline | 2343 2255 |
| Family and Child Protective Services Unit (Central, Western, Southern and Islands) | 2835 2733 |
| Family and Child Protective Services Unit (Eastern and Wanchai) | 2231 5859 |
| Family and Child Protective Services Unit (Kwun Tong) | 2707 7681 |
| Family and Child Protective Services Unit (Wong Tai Sin and Sai Kung) | 3188 3563 |
| Family and Child Protective Services Unit (Sham Shui Po) | 2247 5373 |
| Family and Child Protective Services Unit (Kowloon City and Yau Tsim Mong) | 3583 3254 |
| Family and Child Protective Services Unit (Shatin) | 2158 6680 |
| Family and Child Protective Services Unit (Tai Po and North) | 2158 6696 |
| Family and Child Protective Services Unit (Tuen Mun) | 2618 5710 |
| Family and Child Protective Services Unit (Tsuen Wan and Kwai Tsing) | 2940 7350 |
| Family and Child Protective Services Unit (Yuen Long) | 2445 4224 |
| **Refuge Centres for Women/Family Crisis Support Centre महिलाहरूका लागि आश्रय-स्थलहरू/परिवार संकट सहायता केन्द्र** | |
| Wai On Home for Women | 2793 0223 |
| Harmony House | 2522 0434 |
| Serene Court | 2787 6865 |
| Sunrise Court | 2890 8330 |
| Family Crisis Support Centre 24-hour Hotline | 18 288 |
| CEASE Crisis Centre 24-hour Hotline | 18 281 |
| **Others अन्य** | |
| **Hong Kong Police Force हङ्कङ्ग प्रहरी बल** | |
| Emergency Hotline | 999 |
| **Legal Aid Department कानुनी सहायता विभाग** | |
| Hotline | 2537 7677 |

बाल-उत्पीडन, पति/पत्नीद्वारा शारीरिक उत्पीडन र यौन हिंसाले पीडितहरूको सहायतार्थ वेबसाइट

**http://victimsupport.swd.gov.hk**

This leaflet is available in the following languages:

1. Chinese
2. English
3. Tagalog
4. Indonesia
5. Thai
6. Hindi
7. Nepali
8. Sinhalese
9. Urdu

समाज कल्याण विभागको वेबसाइट **http://www.swd.gov.hk/** मा यी संस्करणहरू अपलोड गरिएका छन्।



# उत्पीडित श्रीमान/श्रीमती मामिलाका सहयोग सेवाहरू

Support Services to

**BATTERED SPOUSE CASES**

Nepali / 尼泊爾文

February 2009

社會福利署 Social Welfare Department

हङ्कङ्गमा पीडित व्यक्ति, उत्पीडक वा उत्पीडित श्रीमान/श्रीमतीका मामीला भएका परिवारहरूलाई Social Welfare Department (SWD) अर्थात् समाज कल्याण विभाग, Non-Government Organisations (NGOs) अर्थात् गैर-सरकारी संगठनहरू, प्रहरी, र Legal Aid Department (LAD) अर्थात् कानुनी सहायता विभाग, आदि मार्फत् विविध सेवाहरू प्रदान गरिन्छन्।

## परिवार एवम् बाल सुरक्षा सेवा एकांशहरू

Family and Child Protective Services Units (FCPSUs) अर्थात् परिवार एवम् बाल सुरक्षा सेवा एकांशहरू सामाजिक कार्यकर्ताहरूद्वारा सञ्चालित विशिष्ट प्रकारका एकांशहरू हुन्छन् जसले बाल-उत्पीडन र शारीरिक उत्पीडनका शिकार श्रीमाव/श्रीमती मामलामा पीडितहरू, उत्पीडकहरू र/वा परिवारजनका लागि विविध किसिमका सेवाहरू प्रदान गर्दछन्। मामलाहरूको आवश्यकता अनुसार सामाजिक कार्यकर्ताहरूले सहायता गर्छन्, सामाजिक अन्वेषण, संकट समाधान निम्ति हस्तक्षेप गर्छन्, मामिला सम्बन्धी परामर्श र सामुहिक उपचार, आदि प्रदान गर्दछन्। यसका अतिरिक्त, जिम्मा वा अभिभावकत्व विवादद्वारा प्रभावित नानीहरूका हितहरूको सुरक्षा निम्ति FCPSUs ले, न्यायालयको आदेश बमोजिम, न्यायालयका निमित्त सामाजिक अन्वेषण रिपोर्टहरू तयार पार्दछन्। उनीहरूले न्यायालयका आदेश बमोजिम नानीहरूलाई वैधानिक सुपरिवेक्षण पनि मुहैया गराउँछन्। आवश्यक भएको स्थितिमा, वित्तिय सहायता, आवास, कानुनी सहायता, मनोवैज्ञानिक सल्लाह र स्कूलको प्रबन्ध, आदिका लागि सिफारिशहरू गरिन्छ।

## समन्वित परिवार सेवा केन्द्रहरू

SWD र NGOs द्वारा सञ्चालित Integrated Family Service Centres (IFSCs) अर्थात् समन्वित परिवार सेवा केन्द्रहरूले मद्दत चाहिएका व्यक्तिहरू र परिवारहरूलाई विविध प्रकारका रोकथाममूलक, सहायताकारी र उपचारमूलक सेवाहरू प्रदान गर्दछन्। यसमा एउटा परिवार स्रोत एकांश, एउटा परिवार सहायता एकांश र एउटा परिवार परामर्शकारी एकांश हुन्छन्। थुप्रै प्रकारका सेवाहरू प्रदान गरिन्छन् जसमा पारिवारिक जीवन सम्बन्धी शिक्षा, आमा-बाबा र नानीहरूका गतिविधिहरू, सोधनी सेवा, स्वयंसेवक तालिम, मद्दत सेवा, पारस्परिक सहायता समूह, मामिलामा सल्लाह, आदि सेवाहरू पर्दछन्। यसका अतिरिक्त, बेग्लाबेग्लै मामलाहरूका आवश्यकताहरू अनुरुपका सामाजिक कार्यकर्ताहरूले अन्य सेवाहरू जस्तै सामुदायिक मद्दत वा आवासीय हेरचाहार सेवा, वित्तिय सहायता, मनोवैज्ञानिक सेवा, रोजगार सेवा, निम्ति सिफारिश गर्दछन्।

## चिकित्सा सामाजिक सेवाहरू

सार्वजनिक अस्पतालहरू र विशिष्ट बहिरंगी क्लिनिकहरूमा चिकित्सा सामाजिक कार्यकर्ताहरूको निगाहमा पारिवारिक हिंसाका मामलाहरू अस्पताल कर्मचारीहरू, प्रहरी वा अन्य संगठनहरू मार्फत् र रोगीहरू वा तिनीहरूका परिवारद्वारा सोझै सम्पर्क मार्फत् आउँदछन्। चिकित्सा सामाजिक कार्यकर्ताहरूले पारिवारिक हिंसाद्वारा पीडितहरू र तिनीहरूका परिवारका सदस्यहरूलाई चाहिए अनुसारको सहायता दिनका लागि परामर्श दिन्छन्, ठोस मद्दत दिन्छन् र पुनर्वास, सामुदायिक सेवा, आदि इत्यादिका लागि सिफारिशको व्यवस्था मिलाउँदछन्।

## महिलाहरू निम्ति आश्रय-स्थल



हङ्कङ्गमा महिलाहरू निम्ति चारवटा आश्रय-स्थलहरू छन्। ती हुन् - महिलाहरू निम्ति वाई ओन होम, हार्मोनी हाउस, सेरेन कोर्ट, र सनराइज कोर्ट जहाँ घरेलु हिंसाको जोखिममा रहेका वा पारिवारिक संकट भोगी रहेका महिलाहरू र उनीहरूका नानीहरूलाई अस्थायी आवास र सहायता सेवा प्रदान गरिन्छ। सेवाको जरूरत भएका महिलाहरूका लागि सामाजिक कार्यकर्ताहरू, प्रहरी वा अस्पतालहरूको सिफारिश मार्फत्, वा सोझै आवेदन मार्फत् चौबिसै घण्टा भर्नाको प्रवन्ध छ। आश्रय-स्थलहरूका ठेगानाहरू गोप्य राखिएका छन्।

## पारिवारिक संकट सहायता केन्द्र

क्यारिटास - हङ्कङ्गद्वारा सञ्चालित Family Crisis Support Centre (FCSC) अर्थात् पारिवारिक संकट सहायता केन्द्रले अत्याधिक तनाउको सामना गरिरहेका वा उनीहरूका उद्वेलित भावनाहरूलाई शान्त पार्न कठिनाइ महसूस गरिरहेका मानिसहरूलाई सहायता गर्नका लागि केही समय दिने अर्थात् टाइम- आउट सुविधा र एक समन्वित एकमुष्ठ सेवाहरू प्रदान गर्दछ र घरेलु हिंसा लगायत पारिवारिक समस्याहरूको रचनात्मक समाधान गर्ने प्रयास गर्दछ। सोझै आवेदन र कुनैपनि संस्थाद्वारा सिफारिश क्रक्क्लाई स्वीकार्य छ।

## हटलाइन सेवा

घरेलु हिंसाद्वारा पीडितहरूले कल्याण सेवाहरू र समयमा नै सल्लाह/सहायता सम्बन्धी जानकारीहरू प्राप्त गर्नका लागि हटलाइन सेवाहरूको प्रयोग गर्न सक्छन्। हटलाइनहरूमा सामाजिक कार्यकर्ताहरू वा स्वयंसेवीहरू बसेका हुन्छन्, वा कल ट्रान्सफर प्रणालीद्वारा सञ्चालित हुन्छन्।

## प्रहरीद्वारा हस्तक्षेप

घरेलु हिंसाका सबै शिकायतहरू र रिपोर्टहरू माथि हङ्कङ्ग प्रहरी बलद्वारा कार्वाही र छानबीन गरिनेछ। सामान्य परिस्थितिहरूमा, प्रहरी हटलाइन २५२७ ७१७७ मार्फत् कुनैपनि प्रहरी थानामा फोन गरेर रिपोर्ट गर्न सकिन्छ, वा कुनै प्रहरी अधिकारीलाई सोझै सम्पर्क गर्न सकिन्छ। संकटकालको स्थितिमा, सर्वसाधरणले मद्दतका लागि '९९९' मा फोन गर्न सक्छन्। पीडितहरू र सुराकीहरू सम्बन्धी जानकारीहरू गोप्य राखिनेछन्।



## क्लिनिकल मनोवैज्ञानिक सेवा

SWD का चार क्लिनिकल मनोविज्ञान एकांशहरूका क्लिनिकल मनोवैज्ञानिकहरूले मनोवैज्ञानिक लक्षणहरू भएका पीडितहरू, उत्पीडकहरू र/वा उनीहरूका नानीहरूको मूल्याङ्न र उपचार सेवा प्रदान गर्दछन्। चक्क्का सबै एकांशहरूका सिफारिश स्वीकार गरिन्छन्। बेग्लाबेग्लै मामिलाहरूका परिस्थितिहरूको आधारमा क्लिनिकल मनोवैज्ञानिकहरूले वैयक्तिक, जोडी/पारिवारिक वा सामुहिक उपचार प्रदान गर्दछन् जसबाट श्रीमाव/श्रीमतीद्वारा शारीरिक उत्पीडनको परिणामस्वरूप उत्पन्न हुने उनीहरूका मनोवैज्ञानिक समस्याहरूको समाधान गर्नमा उनीहरूलाई मद्दत होस्। पारपाचुकेका मामिलाहरूमा, क्लिनिकल मनोवैज्ञानिकहरूले मनोवैज्ञानिक मूल्याङ्न गर्न सक्छन् र न्यायालयलाई जिम्मा, पहुँच र/वा नानीहरूको व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ मत प्रदान गर्दछन्।

## वित्तिय सहायता

Comprehensive Social Security Assistance (CSSA) अर्थात् व्यापक सामाजिक सुरक्षा सहायता योजना मद्दत, चाहिएकाहरूलाई वित्तिय सहायता उपलब्ध गराउनका लागि बनाइएको हो। यसको पात्रताका लागि, आवेदक कम्तिमा पनि सात वर्षदेखि हङ्कङ्गको बासिन्दा हुनु जरूरी छ र आवेदन गरिएको मितिको ठीक अघि कम्तिमा पनि एक वर्षसम्म लागातार हङ्कङ्गमा बसिरहेको हुनु पर्दछ। विशेष परिस्थितिहरूमा, निर्धारित बसाइ शर्तहरू पूरा नगर्ने CSSA आवेदकलाई समाज कल्याणका निर्देशकको विवेकाधिकारमा सहायता प्रदान गर्न सकिन्छ। CSSA निम्ति आवेदन सामाजिक कार्यकर्ताहरूको सिफारिश मार्फत् वा आफैले SWD हरूका सामाजिक सुरक्षा फील्ड एकांशहरू समक्ष गर्न सकिन्छ।

यसका अतिरिक्त, धर्मार्थ गुठी कोषहरूले अन्य वित्तिय सहायता उपलब्ध नहुँदा संकटकालीन स्थितिहरूमा व्यक्तिहरू वा परिवारहरूलाई उनीहरूका वित्तिय कठिनाइलाई कम पार्नका लागि अस्थायी नगद अनुदानहरू प्रदान गर्दछन्। सहायता प्रदान गर्नका लागि प्रत्येक धर्मार्थ गुठी कोषका आफ्नै मापदण्ड र श्रेणीहरू हुन्छन्। यस्ता सहायताको खाँचो भएका मानिसहरूले सामाजिक कार्यकर्ताहरू मार्फत् वा सामाजिक सुरक्षा फील्ड एकांशहरू मार्फत् आवेदन गर्न सक्छन्।

